

# अध्याय -८

## साबथ र युगको अन्त्य

**यस अध्यायका मूल पदहरू:** याकूब २:८-१३; व्यवस्था ५:१२-१५; भजन ३३:६,९; प्रकाश १४; २ पत्रुस ३:१३ र प्रकाश २१:१ ।



**यस अध्यायको मूल सार पदः "येशू ख्रीष्टद्वारा सबै कुरा सृजनुहुने परमेश्वरमा युग-युगदेखि लुप्त रहेका रहस्यको योजना के हो, सो सबै मानिसलाई खुलस्त गराउने अनुग्रह मलाई दिइयो।" एफिसी ३:९ ।**

मानव जीवनलाई मर्यादा गर्नुपर्ने, सम्मान गर्नुपर्ने र उसको प्रतिष्ठालाई कायम गरिराख्नुपर्ने एउटा मूल तत्व हो, सारा मानिसहरूको साझा सृष्टि। विज्ञान वा अरू दर्शन वा धर्महरूले नै जे भनोस्, प्रत्येक मानिसलाई बहुमूल्य ठानेर उसलाई सम्मान गर्नु पर्ने कारण नै हो, परमेश्वरले हामीलाई सृष्टि गर्न विशेष तरिका अपनाउनुभएको थियो। चाहे नजन्मिएका आमाको कोखमा भएको बालक होस्, अपाङ्ग भएर ओछ्यानमा परेको युवायुवती होस्, निराशले ग्रष्ट भएर मानसिक रोगले पीडित भएको वयस्क होस वा वृद्ध भएपछि अलजमायर रोग वा बिर्सिने रोग भएका हजुरबा वा हजुर आमा नै किन नहोस्, सबै जना परमेश्वरको निम्ति बहुमूल्य छ। परमेश्वर तिनीहरूको पनि पिता हुनुहुन्छ। तिनीहरू उहाँका छोरा र

छोरीहरू हुन्। "“परमेश्वर, जसले संसार र त्यसमा भएका यावत् थोक बनाउनुभयो, उहाँ स्वर्ग र पृथ्वीका प्रभु भएका हुनाले हातले बनाएको मन्दिरमा वास गर्नुहुन्न, उहाँलाई कुनै थोकको खाँचो परेजस्तो गरी मान्छेको हातबाट उहाँको सेवा हुनुपर्छ भनी नसोच्नुहोस्। किनभने उहाँले नै सबैलाई जीवन, सास र सबै चीज दिनुहुन्छ। उहाँले एक जनाबाट समस्त पृथ्वीमा वास गर्न मानिसको प्रत्येक जाति बनाउनुभयो। तिनीहरूका निवासका अवधि र सीमा पनि तोकिदिनुभयो, तिनीहरूले परमेश्वरलाई खोजून्, शायद तिनीहरूले छामछुम गरेर उहाँलाई भेट्टाउलान् कि भन्ने आशामा यसो गरियो। तर पनि उहाँ हामी हरेकबाट टाढ़ा हुनुहुन्न।" प्रेरित १७:२४-२७।

हाम्रा मानव स्वभाव साझा सम्पत्ति हो। हामी एउटा परिवारमा छौं। त्यही परमेश्वरले हामीलाई बनाउनु भयो, आकार दिनुभयो र उहाँको इच्छा अनुसारको ढाँचामा ढाल्नुभयो। मानिसको मूल्य, मान्यता र मर्यादा कतिको अमूल्य छ भनेर थाहा पाउन हामीलाई जुनरूपमा सृष्टि गरियो त्यसलेमात्र ठिक बताउँछ। जब जिन वा वंशाणु र क्रोमजोन मिलाएर तपाईंको विशेष जैविक संरचना र व्यक्तित्वको निर्माण गरियो तब परमेश्वरले सबै मानिस एकै खालका हुन् भन्ने मानिसको धारणालाई स्वात्त फ्याँकिदिनुहुन्छ। यस संसार र विश्वब्रम्हाण्डमा तपाईं जस्तो अर्को व्यक्ति कोही पनि छैन। तपाईं विशेष हुनुहुन्छ। सृष्टिको कारणले तपाईंले आफ्नै विशेषता हासिल गर्नुभएको छ। तपाईं परमेश्वरको निम्ति कतिको किम्मति हुनुहुन्छ भने सारा ब्रम्हाण्ड सृष्टि गर्नु हुने परमेश्वर आफै मानवीय शरीरको रूप धारण गर्नुभएर आफैलाई क्रूसमा तपाईंको निम्ति अर्पण गर्नुभयो ताकि तपाईं तपाईंका पापहरूबाट मुक्ति होउन्।

## १. इन्साफ, सृष्टि र दिनुपर्ने लेखा

यदि हामी अचनक सेल वा कोषहरू मिल्न आएर जथाभावी बनेका हौं वा कतिपय वैज्ञानिकहरूले सिकाएको अनुसार हामी अफ्रिकाको बनमान्छेबाट प्रगति गर्दै मानिस भएका हौं वा राजनैतिक वाद र शक्तिहरूले हामीहरूलाई केवल मास वा व्यक्तित्वविहिन मानिसहरूको थुप्रो हौं भने यस जीवनको केही अर्थ छैन। यदि हामी केवल खरबौं मानिसहरूको बीचमा कस्साकस्सी गरेर केवल बाँच्नको निम्ति यस पृथ्वी भन्ने ग्रहमा बाँचिरहेकाछौं भने हामी बाँच्नुको लक्ष्य गुमाउँछौं। तर त्यसको बिपरित बाइबलले सिकाएको सृष्टिको विवरण अनुसार यस संसारमा जिउनुको कारण छ र हामी नैतिकताको आदर्शमा बाँच्नैपर्छ। हामीलाई परमेश्वरले नै सृष्टि गर्नुभएको हो र हामी जे गर्छौं

त्यसको लेखाजोखा हामीले उहाँलाई दिनैपर्छ। जसले हामीलाई सृष्टि गर्नुभयो हामी जिम्मेवारी व्यक्ति हुनुपर्छ भनेर ठहऱ्याउनुहुन्छ। मानव जीवनको गरिमालाई कायम राख्न उहाँले मूल्यमान्यता र नीतिहरू स्थापना गर्नुभएको छ। यस संसारले नैतिकता भनेको तरलता वा समयसापेक्षता अनुसार लचक हुनुपर्छ भनेर सिकाउँछ, तर परमेश्वरको नीतिमा त्यो अमान्य छ।

**देहायका पदहरू पढ्नुहोस्। ती पदहरूमा मानिसको उत्तरदायित्व के छ र उसले आफ्नो जीवनको लेखा जोखा इन्साफको दिनमा कसरी दिनुपर्छ भनेर उल्लेख गरेका छन्। परमेश्वरको इन्साफ, दश आज्ञाहरू र उहाँको आराधना एक आपसमा ती पदहरूमा कसरी बुनिएका छन्? हेर्नुहोस्, "तिनले चर्को सोरमा भने, "परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।" प्रकाश १४:७; "१० तिमी किन आफ्नो भाइको इन्साफ गर्छौ? अथवा तिमी आफ्नो भाइलाई किन तुच्छ ठान्छौ? किनभने हामी सबै परमेश्वरका न्याय-आसनको सामने खड़ा हुनेछौं। ११ किनकि लेखिएको छ, "प्रभु भन्नुहुन्छ, 'जस्तो म जीवित छु, प्रत्येक घुँडा मेरो सामने टेकिनेछ, र हरेक जिब्रोले परमेश्वरको प्रशंसा गर्नेछ÷।" १२ यसैले हामी हरेकले परमेश्वरलाई आफ्नो लेखा दिनेछौं।" रोमी १४:१०-१२ र "८ यदि "आफ्ना छिमेकीलाई आफूलाई झैं प्रेम गर" भन्ने पवित्र-धर्मशास्त्रको राजकीय व्यवस्थालाई साँच्चै पूरा गर्दछौ भनेता असलै गर्दछौ। ९ यदि तिमीहरूले भेदभाव देखायौ भनेता तिमीहरू पाप गर्दछौ, र व्यवस्थाद्वारा अपराधी ठहरिन्छौ। १० किनकि जसले सम्पूर्ण व्यवस्था पालन गर्छ तर एउटै कुरामा चुक्छ भने, व्यवस्थाका सबै कुरामा त्यो दोषी ठहरिएको हुन्छ। ११ किनकि जसले "व्यभिचार नगर" भन्नुभयो, उहाँले "हत्या नगर" पनि भन्नुभयो। तसर्थ यदि तिमीले व्यभिचार गर्दैनौ तर हत्या गर्दछौ भने, तिमी व्यवस्थाका अपराधी भएका छौ। १२ यसकारण तिमीहरूको बोली र व्यवहार स्वतन्त्रताको व्यवस्थाबमोजिम न्याय पाउनेहरूका जस्तै होस्। १३ किनकि जुन मानिसले कृपा गरेको छैन, त्यसको न्याय कृपाविना नै हुन्छ। कृपा न्यायमाथि विजयी हुन्छ।" याकूब २:८-१३।**

आकाशको बीचमा तीन स्वर्गदूतहरू उड्दै दिएको प्रकाश १४ को सन्देशले परमेश्वरको इन्साफ आइसकेको छ भनेर घोषणा गरेको छ (प्रकाश १४:७)। हामीमा नैतिक निर्णय गर्ने क्षमतासहित परमेश्वरले हामीलाई सृष्टि गर्नुभएकोले, यस जीवनमा प्रत्येक निर्णय हामी गर्छौं त्यसको जिम्मेवारी हामी

नै हुन्छौं। यदि हामी जथाभावी कोषहरू जम्मा भएर अचानक बनिएका हौं, बंश अनुसारमात्र जन्मिएका हौं र वातावरणकै कारणले यस संसारमा फुट्ट फुट्ट निस्किएका हौं भने हाम्रो निर्णयमाथि अर्कै शक्तिले परिचालन गरिरहेको हुन्छ, जसमा हाम्रो नियन्त्रण हुँदैन।

तर परमेश्वरले गर्नुहुने इन्साफमा हाम्रो नैतिक जिम्मेवारीको सवाल हुन्छ। अहिलेको पृथ्वीको इतिहासको सङ्कटको घडीमा परमेश्वरले इन्साफ गरिरहनुभएको छ। हामीले जे निर्णय गर्छौं त्यसले अनन्त जीवनलाई साक्षी राखेर गर्नुपर्छ। पहिलो स्वर्गदूतको निर्णायक अपिल हो "स्वर्ग वा आकाश वा नक्षेत्र र पृथ्वी, समुद्र र पानीका मुहानहरू बनाउने परमेश्वरको प्रणाम गर वा आराधना गर" (प्रकाश १४:७)। हामीले आराधना गर्नुपर्ने सबै आधार नै हामीलाई परमेश्वरले सृष्टि गर्नुभएको भन्ने आस्था वा विश्वासमा छ।

फेरि त्यसै बखत हप्ताको सातौं दिन साबथको पालना गर्नुपर्ने विश्वासले येशू सृष्टिकर्तारूपमा आराधनाको योग्य छ भनेर प्रमाणित गरिरहेका हुन्छौं। दश आज्ञालाई हामीले स्वीकार्दा हामी यस संसारमा बाँच्न परमेश्वरले नै आदर्श नीतिहरू दिनुभएकोछ र त्यस अनुसार चल्न प्रत्येक मानिसको नैतिक कर्तव्य हो भन्ने मागलाई सबैले आत्मसात् गर्नुपर्छ। यस नीतिलाई आंशिकरूपमा होइन पूरै पालन गर्नुपर्छ भनेर बाइबलले अपेक्षा गर्दछ। दश आज्ञा परमेश्वरको राज्य शासनको जग हो र उहाँको चरित्रको प्रकट हो। यो नै हाम्रो इन्साफको मापदण्ड हो। साबथ आज्ञाप्रति बफादार भएर पालना गर्दा हामी आज्ञाकारी जीवन बिताउन समर्पित भइरहेका छौं भनेर प्रमाणित गरिरहेका हुन्छौं।

**हाम्रो दैनीक जीवनको सेरोफेरोलाई सृष्टिको शिक्षाले हामीलाई कसरी प्रभावित पार्दछ? हामीले दैनिक गर्ने निर्णयमा वातावरण र वंशसँग के सम्बन्ध छ? हामीले नचुनेको तर हामीमा भएको चरित्रका खोटहरू परमेश्वरको अनुग्रहले कसरी मेट्ने?**

## २. साबथ र सृष्टि

हामीलाई साबथ किन दिइयो त? संसार घोर निराशामा छ। यसलाई आशाको सन्देशको नितान्त आवश्यक छ। त्यसैकारण हामीलाई साबथको सन्देशको आवश्यकता छ। मध्य अठारौं शताब्दीतिर मानिसहरूको कठित वौद्धिक दिमागमा विकाशवाद सिद्धान्त वा मानिस अचानक शुक्ष्मप्राणीबाट सृष्टि भएको हो र सृष्टिकर्ताको आवश्यक नभएको अनुमानित शिक्षाहरू हुरीबतास जस्तो फैलिरहेको थियो, त्यसबेला अचम्मको आशाको सन्देश परमेश्वरले

पठाउनुभएको थियो। त्यो सन्देशको बारेमा हामीले प्रकाश १४:६,७ मा पाइन्छ।

परमेश्वरले नै यस संसार र मानव प्राणी सृष्टि गर्नुभएको हो भन्ने धारणा सैतानको निम्ति आपत्तिजनक छ। उसले अनेकौं किसिमले सृष्टिको विषयमा बङ्गाएर वा अनेकौं धर्म, दर्शन वा वैज्ञानिक भनाउँदाहरूलाई प्रयोग गरेर जनमानसमा चलखेल गरिरहेको छ। येशू सृष्टिकर्ता र मुक्तिदाता हुनुहन्छ र उहाँमात्रै हाम्रो आराधनाको योग्य हुनुहुन्छ भन्ने धारणालाई उसले अत्यन्तै घृणा गर्दछ। यसैले साबथ विषय येशू र सैतानको बीचमा भएको महान् विवादको केन्द्रविन्दु हो किनकि यसले ख्रीष्टमात्र हाम्रो सृष्टिकर्ता हुनुभएकोले हाम्रो आराधना पाउने अधिकार छ भनेर छर्लङ्ग पार्दछ। यस युगलाई परमेश्वरले दिनुभएको अन्तिम सन्देश नै मानव प्राणीले स्वर्ग र पृथ्वी सृष्टि गर्नुहुने ख्रीष्टको आराधना गर्नु हो। उहाँलाई हामीले आराधना गर्नुपर्नेको सबै आधार नै उहाँले हामीलाई सृष्टि गर्नुभएकोले हो।

**साबथ आज्ञाले सृष्टि र मुक्तिलाई कसरी गाँसिदिएको छ? हेर्नुहोस्, प्रकाश १४:६,७ को सन्दर्भमा देहायका पदहरूः "१ यसरी आकाश र पृथ्वी र तिनमा भएका सबै कुरा बनाइसिद्धिए। २ आफूले गर्नुभएका काम छैटौं दिनमा परमेश्वरले सिद्ध्याउनुभयो। र सातौं दिनमा आफूले गर्नुभएका सबै कामबाट उहाँले विश्राम लिनुभयो। ३ अनि परमेश्वरले सातौं दिनलाई आशिष् दिनुभयो र त्यसलाई पवित्र तुल्याउनुभयो, किनभने आफूले सृष्टिमा गर्नुभएका सारा कामबाट यसै दिनमा उहाँले विश्राम लिनुभयो।" उत्पत्ति २:१-३; "८ "शबाथ-दिन पवित्र मान्नुपर्छ भनी याद राख्नू। ९ छ दिनसम्म परिश्रम गरेर आफ्ना सबै काम गर्नू, १० तर सातौंचाहिँ दिन परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति शबाथ-दिन हो। त्यसमा तिमीहरूले केही काम नगर्नू, न त आफ्नो छोराले, न छोरीले, न कमारा-कमारीले, न गाईबस्तुले, न मूल ढोकाभित्र भएको परदेशीले केही काम गरोस्। ११ किनकि छ दिनमा परमप्रभुले आकाश, पृथ्वी, समुद्र र तिनमा भएका सबै थोक बनाउनुभयो, तर सातौं दिनमा चाहिँ विश्राम गर्नुभयो। त्यसकारण परमप्रभुले शबाथदिनलाई आशिष् दिनुभयो, र त्यसलाई पवित्र गर्नुभयो।" प्रस्थान २०:८-११ र "१२ "परमप्रभु आफ्ना परमेश्वरले आज्ञा गर्नुभएबमोजिम शबाथ-दिन पवित्र राख्न याद राख्नू। १३ छ दिनसम्म परिश्रम गरेर आफ्ना सबै काम गर्नू, १४ तर सातौंचाहिँ दिन परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति शबाथ हो। त्यसमा तिमीहरूले केही काम नगर्नू— आफ्ना छोराछोरी, कमारा-कमारी, गोरु, गधा कुनै पशुले सहरभित्र भएको परदेशीले**

**पनि केही काम नगरोस्। आफ्ना कमारा र कमारीले तिमीहरूसँग विश्राम गरून्। १५ तिमीहरू मिश्रमा कमारा हुँदा कसरी परमप्रभु तिमीहरूका परमेश्वरले आफ्नो बाहुबल र फैलिएको पाखुरा प्रयोग गरी तिमीहरूलाई निकालेर ल्याउनुभयो, सो याद राख। यसैकारण परमप्रभु तिमीहरूका परमेश्वरले शबाथ मान्न तिमीहरूलाई आज्ञा गर्नुभएको हो।" व्यवस्था ५:१२-१५।**

परमेश्वरमामात्रै हाम्रो सही विश्राम छ भनेर देखाउने अनन्तको प्रतिक साबथ हो। परमेश्वरप्रतिमात्र हामी बफादार छौं भनेर देखाउन विशेष प्रमाणा हाम्रो साबथ पालना हो (इजकिएल २०:१२,२०)। साबथ कुनै विधिवाद आदेश नभएर धर्मकर्मबाट हामी धर्मात्मा हुन्छौं भन्ने बोझबाट राहत दिने परमेश्वरको योजना हो। हाम्रो धार्मिकता हाम्रो काममा होइन तर उहाँमात्र छ भनेर धार्मिक क्रियाकलापले पाउने दिलाउन खोज्ने सत्य आराम परमेश्वरमामात्र छ भनेर साबथले देखाउँछ। हामी आफैले कहिल्यै गर्न नसक्ने काम हाम्रो निम्ति परमेश्वरले सम्पन्न गर्नुभएको थियो भनेर साबथले नै बताउँछ।

प्रत्येक साबथ परमेश्वरको प्रेम र संभारमा विश्राम लिनु भनेर बाइबलले हामीलाई आह्वान गर्दछ। साबथ विश्रामको प्रतिक हो, यसले हाम्रो धर्मकर्म र जतिसुकै उपलब्धीमूलक कामबाट हामीलाई सही विश्राम दिन्दैन भनेर देखाउँदछ। यो अनुग्रहको प्रतिक हो, विधिवाद होइन; यो हाम्रो निम्ति आश्वासन हो, हामीलाई दोषित ठहऱ्याउने होइन; हामी परमेश्वरमा नै भरपर्नुपर्छ भनेर सिकाउँछ, हामीले हामीमाथिमात्र भरोसा राखे हामी गलत बाटोमा हिंड्न सक्छौं भनेर साबथको गरिमाले देखाउँदछ। प्रत्येक साबथ हामी हामीप्रति परमेश्वरको भलाइको खुशियाली मनाउँछौं, ख्रीष्टबाटमात्र उपलब्ध भएको मुक्तिको निम्ति प्रत्येक साबथ उहाँको स्तुति र प्रशंसा गर्दछौं।

विगतको अदन कस्तो सिद्ध थियो र भविष्यको नयाँ स्वर्ग र आकाशको महिमालाई साबथले नै जोड्दछ (यशैया ६५:१७, प्रकाश २१:१)।

हाम्रा जराहरू कहाँ थियो वा हाम्रो प्रारम्भिक जीवन कहाँबाट सुरु भयो भनेर साबथले नै प्रमाणित गर्दछ। समयको सुरुदेखि नै साबथलाई निरन्तररूपमा पालन गरिआएको थियो। साबथले सृष्टिदेखिको समय तोडिएको छैन भनेर देखाउँदछ। हामी परमेश्वरका छोराछोरीहरू हौं भन्ने अचम्मको महिमित इज्जतदार सत्यलाई साबथद्वारा नै हामीलाई केन्द्रिभूत गरिरहेको छ।

उहाँसँग घनिष्ठ सम्बन्ध हामी मानव प्राणीले राखोस् भनेर साबथले आह्वान गर्दछ।

**प्रकाश १४:६,७ले साबथ आज्ञालाई कसरी इङ्गित गरेको छ, र प्रस्थान २०:८-११ अनुसार अन्तको समयको निम्ति साबथ सन्देश किन अपरिहार्य छ?**

## ३. लुकाउन नसक्ने छल

हाम्रो सृष्टिको विशेषतालाई नाश गर्ने प्रयासमा सैतानले लुकाउन नसकिने सृष्टिको नकली तर्कलाई प्रस्तुत गरेको छ। यो नकली विद्यालाई हामीमध्ये कतिपयले विश्वास पनि गर्न पुगेका छन्। हो, यस सृष्टिको मूख्य सृष्टिकर्ता परमेश्‌वर हुनुहुन्छ। तर यस संसारमा जीवनको स्थापना गर्न लामो समय लिनुभएको थियो। त्यस प्रक्रियामा परमेश्वरले नै क्रमिक विकासद्वारा जीवनलाई अस्तित्वमा ल्याउनुभएको थियो। कतिपयले उत्पत्तिको विवरणलाई वैज्ञानिक समय तालिकासँग मिलाउन प्रयास गरिएको छ। सृष्टिका दिनहरू २४ घन्टा नभएर अनिश्चित वा करोडौं वर्ष लगाएर जीवनलाई अस्तित्वमा ल्याएको हो भनेर कठित इसाईहरूले नै विश्वास गर्छन्।

**परमेश्वरले पृथ्वीलाई कुन प्रक्रियाबाट सृष्टि गर्नुभयो भनेर देहायका पदहरूले कसरी बताउँछन्? हेर्नुहोस्, "६ परमप्रभुको वचनले आकासहरू निर्माण भए, र उहाँकै मुखको सासले त्यहाँका ग्रह-नक्षत्रहरू। ७ उहाँले समुद्रको पानीलाई जम्मा गरेर एक थुप्रो पार्नुहुन्छ। उहाँले गहिरा सागरहरूलाई आफ्ना ढुकुटीमा राख्नुहुन्छ। ८ सारा पृथ्वीले परमप्रभुको भय मानोस् संसारका सारा निवासीहरूले उहाँको भक्ति गरून्। ९ किनकि उहाँका मुखको वचनले सारा सृष्टि रचियो, उहाँले आज्ञा गर्नुभयो, र त्यो स्थिर रह्यो।**

**भजनसंग्रह ३३:६-९ र "विश्वासद्वारा हामी बुझ्दछौं कि सारा विश्व परमेश्वरको वचनद्वारा सृष्टि भयो, र जो दृश्य छ त्यो अदृश्य कुराबाट बन्यो।" हिब्रू ११:३।**

सृष्टिको मामिलामा बाइबलको विवरण स्पष्ट छ। परमेश्‌वरको "मुखको वचनले सारा सृष्टि रचियो, उहाँले आज्ञा गर्नुभयो, र त्यो स्थिर रह्यो।" भजनसंग्रह ३३:९। "विश्वासद्वारा हामी बुझ्दछौं कि सारा विश्व परमेश्वरको वचनद्वारा सृष्टि भयो, र जो दृश्य छ त्यो अदृश्य कुराबाट बन्यो।" हिब्रू ११:३। परमेश्वरले अझरस छदिन २४ घन्टा लगाएर पृथ्वी सृष्टि गर्नु भयो र सातौं दिन सृष्टिको काम सम्पन्न भएपछि विश्राम लिनुभयो भनेर उत्पत्तिको विवरणले स्पष्टसँग व्याख्या गरेको छ। भाषाको बनावटमा

उत्पत्ति १ र २ मा कुनै तलमाथि गर्न अनुमति दिँदैन। परमेश्वरले छदिन लगाएर सृष्टि गर्नुभएको हो भनेर विश्वास नगर्ने कतिपय विद्वानहरू पनि उत्पत्तिको लेखकले छ अझरस दिन लगाएर यस पृथ्वी सृष्टि गरिएको भन्न खोजेको छ भनेर स्वीकार्दछन्।

उत्पत्ति १मा उल्लेख गरिएको "दिन" हिब्रूमा "योम yom" हो। बाइबलभरि प्रयोग गरिएको यो योमको अर्थ २४ घन्टाको समयलाई देखाउँछ। कुनै अपवाद बिना नै यो २४ घन्टाको समयलाई औंल्याउँछ।

फेरि स्पष्टरूपमा भन्नुपर्दा यदि परमेश्वरले यस संसार अक्षरस २४ घन्टा लगाएर सृष्टि नगर्नुभए हप्ताको सातौं दिन साबथको औचित्य के छ र? परमेश्वर आफैले सातौं दिन साबथको पालन गर्नु भनेर किन आदेश दिनुभयो त? यदि परमेश्वरले अझरस सात दिन लगाउनुभएर संसार सृष्टि गर्नुभएको थिएन भने अनन्त समयसम्म साबथ पालन गर्नुपर्नेको औचित्य पनि देखिन्न। लाखौं र खरबौं वर्ष लगाएर यस संसारको उत्पत्ति भएको हो र मानिस क्रमिक विकासबाट उब्जिएको हो भन्ने विश्वास चाहे कुनै वैज्ञानिक होस् वा चाहे कुनै दार्शनिक विद्वाननै किन नहोस् त्यसले साबथको आवश्यकतालाई चुनौति दिएको हुन्छ। यसले बाइबलको नैतिक अखण्डता वा शुद्धतालाई नै गम्भिररूपमा प्रश्नहरू उठाउँछन्।

साबथलाई आक्रमण गरेर सैतानले परमेश्वरको अधिकारको मुटुलाई नै चुनौति दिइरहेको हुन्छ। छदिनको सृष्टिको स्मारकलाई नै नाश गर्न खोजेर परमेश्वरको शक्ति र अधिकारको वास्तविकतालाई सैतानले धेरै प्रभावकारी ढङ्गले नाश गर्न खोजिएको छ। कतिपय मानिसहरू चाहे इसाईहरू नै किन नहुन् सातौं दिन साबथको गरिमालाई पन्छाइरहेकोमा हामी अचम्म मान्नुपर्दैन। साबथको गरिमालाई कतिपय इसाईहरूले नै वेवास्ता गर्ने चाल सैतानले ल्याउने अन्तिम छलको स्थापना हो।

## ४. सृष्टि, साबथ, र अन्तको समय

स्वर्गमा हजारौं वर्षभन्दा पहिले सुरुभएको भिषण द्वन्द्व परमेश्वरको आधिकारिकतालाई लिएर सुरु भएको थियो। त्यो चुनौति आजसम्म पनि जारी छ।

**प्रकाश १४:७,९ र १२ पढ्नुहोस्। त्यो पढेर देहायका खाली ठाउँहरूमा भर्नुहोस्। "तिनले चर्को सोरमा भने, "परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग,**

पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।...९ त्यसपछि तेस्रा स्वर्गदूत चर्को सोरले यसो भन्दै तिनीहरूका पछि आए, "यदि कुनै मानिसले त्यो पशु र त्यसको मूर्तिलाई पुज्यो र निधार वा हातमा त्यसको छाप लियो भने... १० त्यसले पनि उहाँका क्रोधको कचौरामा केही नमिसाई तयार गरिएको परमेश्वरका क्रोधको कड़ा मद्य पिउनेछ, र पवित्र स्वर्गदूतहरू र थुमाको सामुन्ने आगो र गन्धकमा त्यसलाई यातना दिइनेछ।...१२ परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशूमाथि विश्वास राख्ने सन्तहरूको धैर्य धारण यसैमा छ।"

*प्रकाश १४:७ ले ................................ आह्वान गरिएको छ।*

*प्रकाश १४:९ले यो नग नगम्भिर अपिल गरिएको छ.......................... ।*

*प्रकाश १४:१२ले ती विशेष मानिसहरूको बारेमा बताइएकोछ जो.................................................................................... ।*

अन्तिम दिनहरूमा हुने असल र खराब, ख्रीष्ट र सैतानको बीचमा हुने द्वन्द्वको केन्द्रविन्दु ने आराधना हो भनेर माथिका पदहरूले स्पष्टरूपमा बताउँछ। हाम्रा सबै विश्वासहरूको जग नै सृष्टि भएकोले (परमेश्वर हाम्रो सृष्टिकर्ता हुनुहुन्छ भनेर विश्वास गरिएन भने उहाँलाई पुज्ने हाम्रो औचित्य के छ र?) सातौं दिन साबथको बारेमा उत्पत्तिको विवरणमै बुनिएको थियो (उत्पत्ति २:१-३)। साबथको गरिमा सृष्टिको कहिल्यै नहल्लिने र अनन्तको स्मारक भएर खडा भइरहेको छ। हाम्रो शिक्षादीक्षाको अत्यन्तै महान् आधारभूत चिन्ह नै साबथ हो। त्यो भन्दा अर्को बढि मौलिक शिक्षा भनेकै परमेश्वर आफै हुनुहुन्छ।

त्यसकारण, सेभेन्थ-डे साबथलाई भड्काउन खोज्नु नै परमेश्वर नै सृष्टिकर्ता हुनुहुन्छ भन्ने उहाँको अधिकारलाई जगैदेखि हल्लाउन खोज्नु हो। यो मामिलामा कुनै अरू चलखेल नै छैन। जसले साबथको गरिमालाई विरोध गर्छ त्यो व्यक्तिले परमेश्वरकै ठाउँ लिन खोजेको ठहरिन्छ ("त्यसले ईश्वर कहलिएका सबै अथवा पूज्य वस्तुहरूको विरोध गर्छ र तीभन्दा आफैलाई उच्च तुल्याउँछ, यहाँसम्म कि आफैलाई परमेश्वर नै घोषणा गरेर परमेश्वरको मन्दिरमा त्यो बस्छ।" २ थेसलोनिकी २:४)।

अन्तिम दिनको वास्तविक निर्णायक विषयबस्तु नै येशूप्रति हाम्रो प्रेम र बफादारिता हो। उहाँका आज्ञाहरूलाई पालन गर्दा नै हामी येशूलाई प्रेम गर्छौं भनेर प्रमाणित गरिरहेका हुन्छ (१ यूहन्ना ५:३, प्रकाश १४:१२)। सबै थोकको जग साबथ आज्ञा हो किनभने यसले नै परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ

भनेर औँल्याउँछ (प्रस्थान २०:८-११)। परमेश्वर र पशुमा (प्रकाश १४:११,१२) कोसँग बफादार छ भनेर देखाउने बाहिरिय प्रमाण नै कसको र कहिले आराधना गरिन्छ भन्नेमा आधारित छ। सबै थोकहरू भन्दा आधारभूत र मौलिक साबथलाई हेर्दा युगको अन्तको अन्तिम निर्णयको विषयबस्तुले परमेश्वर नै सृष्टिकर्ता हुनुहुन्छ भनेर उहाँको आराधनाको बिकल्प अरू नभएको देखिन्छ।

**कतिपय इसाईहरूले नै कुन दिन साबथ पालन गर्ने हो त्यसको कुनै मतलब छैन भनेर सिकाउँछन्। हप्ताको कुनै दिनलाई साबथ भनेपनि हुन्छ भनेर तिनीहरूले नै प्रचार गर्छन्। यस विवादलाई बाइबलबाट कसरी सामना गर्ने?**

## ५. साबथ र अनन्त विश्राम

यस थकित र पेलान संसारमा साबथ शरणस्थानको थलो हो। प्रत्येक हप्ताको छ दिनमा गरिएको हाम्रो काम र चिन्ताफिक्रीलाई छोडेर परमेश्वरको विश्रामस्थल साबथमा पस्दछौं। प्रख्यात यहूदी विद्वान अब्राहम हेशकलले साबथलाई "समयको दरवार" भनेका छन्—द साबथः इटस् मिनिङ्ग फर मोडर्न मान (न्यु योर्कः फारार, २००५) पृ. १२। प्रत्येक सातौं दिनमा परमेश्वरको स्वर्गिय दरवार स्वर्गबाट पृथ्वीमा झर्छ, र प्रभुले उनको महिमित उपस्थितिम २४ घन्टा बिताउन हामीलाई आह्वान गर्नुहुन्छ। त्यसबेला उहाँले हामीसँग घनिष्ठ सङ्गति गर्न चाहनुहुन्छ।

साबथको सौन्दर्यता र गम्भिरताको बिषयलाई औँल्याउँदै हेश्केलले लेखेका पुस्तकको परिचय दिँदै उनकी छोरी सुजाना हेश्कलेले साबथको गरिमा र महत्त्वलाई ती शब्दहरूमा व्याख्या गर्छिन्: "साबथ स्वर्ग र परमेश्वरको उपस्थितिको गवाहीको प्रतिक हो; हाम्रो प्रार्थनाहरूमा, हामीले मसीहको युगमा भाग लिन्छौं।यो युग साबथ हो। पृथ्वीमा मनाइने साबथले आउने साबथको अनुभवलाई तयार गरिन्छ; यदि साबथको मिठो स्वाद अहिले नै पाएनौं भने....आउने अनन्त जीवनको संसारको स्वाद रमाइलोसँग लिन हामी असमर्थ हुन्छौं।"

जब सृष्टिको काम सकियो, येशूले हाम्रो निम्ति विशेष आश्रय स्थानको निर्माण गर्नुभयो। त्यहाँ हामी शरण पाउन सक्छौं। त्यहाँ हामी सुरक्षित हुनसक्छौं। उहाँको काम पूरा भएको छ। त्यो सिद्धिएको छ। जब हामी साबथमा विश्राम लिन्छौं, तब हामी उहाँको प्यारो हेरचाहमा आराम लिइरहेका

हुन्छौं। जब वर्तमान समयमा विश्राम लिन्छौं तब आउनेवाला हाम्रो नयाँ स्वर्ग र नयाँ पृथ्वीमा अनन्तको विश्राम पाउनेछौं भन्ने आभास् पाइरहेका हुन्छौं।

अहिले नै हामी साबथ पालन गर्दा त्यसले अनन्त जीवनतिर औंल्याएको हुन्छ देहायका केही पदहरूले देखाउँछन्? हेर्नुहोस्, "१७ "हेर, म नयाँ आकाश र नयाँ पृथ्वी सृष्टि गर्नेछु। अघिअघिका कुराहरूको सम्झना हुनेछैन, न त ती मनमा आउनेछन्। १८ तर मैले सृष्टि गर्ने कुरामा सदासर्वदा आनन्द गर र हर्ष मनाओ। किनकि म यरूशलेममलाई हर्षदायक र त्यसका मानिसहरूलाई आनन्ददायक तुल्याउनेछु। १९ म यरूशलेमदेखि हर्षित हुनेछु, र मेरो प्रजामा खुशी हुनेछु, र त्यहाँ रुवाइ र कराइको आवाज फेरि कहिल्यै सुनिनेछैन।" यशैया ६५:१७-१९; "२२ "जसरी नयाँ आकाश र नयाँ पृथ्वी, जो म बनाउनेछु, ती मेरै सामुन्ने रहिरहनेछन्," परमप्रभु भन्नुहुन्छ, "त्यसरी नै तिमीहरूको नाउँ र तिमीहरूका सन्तान रहिरहनेछन्। २३ एक औंसीदेखि अर्को औंसी र एक शबाथदेखि अर्को शबाथसम्म, सबै मानिस-जाति आएर मेरो सामुन्ने निहुरनेछन्," परमप्रभु भन्नुहुन्छ।" यशैया ६६:२२-२३; "तर उहाँको प्रतिज्ञाबमोजिम हामी नयाँ स्वर्ग र नयाँ पृथ्वीको बाटो हेर्छौं, जसमा धार्मिकताले वास गर्छ।" २ पत्रुस ३:१३ र "१ तब मैले नयाँ आकाश र नयाँ पृथ्वी देखें, किनकि पहिलो आकाश र पहिलो पृथ्वी बितिगएका थिए। समुद्र त अब छँदैथिएन।" प्रकाश २१:१।

त्यही परमेश्वर जसले पहिला पृथ्वी सृष्टि गर्नुभयो उहाँले पृथ्वीलाई फेरि नयाँ गरेर सृष्टि गर्नुहुनेछ। परमेश्वरको सृष्टिकर्ता हुनुहुन्छ भनेर देखाउन साबथ अनन्तसम्म चिन्हको रूपमा भइरहन्छ। अझ भनौं भने, यहूदीहरूले साबथलाई चिन्ह वा प्रतिकको रूपमा हेर्दछन्। आउने संसारालाई तिनीहरूले *ओलामहाबा olamhaba* भन्दछ।

एक्काइसौं शताब्दीका मानिसहरू निराश र अन्धकारले भौंतारिरहेका छन्। तिनीहरूको निम्ति तीन स्वर्गदूतहरूको सन्देश अचुक औषधी जस्तो हो। हामीलाई सृष्टि गर्नुहुने परमेश्वरको आराधना गर्नुपर्छ भन्ने सन्देशले हामीलाई सृष्टिकर्तातिर औंल्याउँछ र हामीलाई प्रेम गर्ने परमेश्वर हुनुहुन्छ भनेर पनि देखाउँछ। उहाँ मुक्तिदाता हुनुहुन्छ, इन्साफको घडी पछि उहाँले पापलाई सदाको निम्ति उन्मुलन गर्नुहुनेछ र सबै थोक नयाँ बनाउनुहुनेछ भन्ने सन्देश पनि हामीले गर्नुपर्ने आराधनाले देखाउँदछ। "सिंहासनमा विराजमान हुनुहुनेले मलाई भन्नुभयो, "हेर, म सबै कुरा नयाँ तुल्याउँछु।" उहाँले यसो पनि भन्नुभयो, "यो लेख, यी कुराहरू भरपर्दा र सत्य छन्।" प्रकाश २१:५।

के तपाईंले व्यक्तिगतरूपमा तपाईंको जीवन र परिवारको जीवनमा साबथलाई अनन्त जीवनको स्वाद बनाउनुभएको छ?

**उपसंहार:**

**थप जानकारी:** "परमेश्वरको आराधना गर्नुपर्ने कारण नै उहाँ हाम्रो सृष्टिकर्ता हुनुभएकोले हो। जगतमा परमेश्वरको गुणागान गर्नुको अर्थ यसरी स्पष्टरूपमा बताएको छ: 'तपाईँले सबै थोक सृष्टि गर्नुभयो।' प्रकाश ४:११। स्वर्गमा जस्तै पृथ्वीमा पनि परमेश्वरलाई सृष्टिकर्ता हुनुहुन्छ भनेर जस्तै जस दिनु आवश्यक छ। स्वर्गदूतले घोषणा गर्नुभएका थिए, 'स्वर्ग र पृथ्वी र समुद्र र पानीका मुहानहरू सृष्टि गर्नुहुनेको आराधना गर।' प्रकाश १४:७। परमेश्वरको आराधना गर भन्ने स्वर्गदूतको आदेशको भाषा चौथो आज्ञाकै हो भनेर सबैले उचित ठानेकाछन् (प्रस्थान २०:११)।

"दश आज्ञामा साबथको आज्ञा लालमोहर जस्तै छ। यसले परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ भनेर बता□एको छ भने उहाँले सृष्टि गर्नुभएको क्षेत्रलाई अनुमोदन गरिएको छ र उहाँले सृष्टि गर्नुभएको सबै थोकमाथि उहाँको शासन गर्ने अधिकार छ। सैतानले सफलता हासिल गर्न सृष्टिको स्मारक साबथ आज्ञालाई कुनै न कुनै तरिकाले पन्छाउनु आवश्यक थियो।"- आन्जल म्यानुयल रोड्रिगे, "*द क्लोजिङ्ग अभ द कस्मिक कन्फ्लिट: रोल अब द थ्री आन्जलस् मसासजजन्,*" अप्रकाशित लेख, पृ. ४१,४२।

**चिन्तनमननः**

अ. साबथले दिएको सन्देशमा जीवनका महान् प्रश्नहरूको जवाफ कसरि दिन्छ, जस्तै म कहाँबाट आएँ, म यहाँ के गरिरहेको छु, र मेरो अनन्तको लक्ष्य वा भविष्य के छ?

आ. सृष्टिको अचम्मको बारेमा सोच्नुहोस्। यस महान् विश्‌वब्रम्हाण्डमा हाम्रो आश्चर्यजनक अस्तित्वको अर्थ के छ? सृष्टिको आधारभूत स्मारक साबथ प्रत्येक हप्ता नबिराइकन हामीकहाँ आउँदा त्यसले सृष्टिको सिद्धान्तको बारेमा हामीलाई के सिकाउँछ?

इ. दानिएल ३ र दानिएल ६मा आराधनाको विषयबस्तुलाई कसरी कोरिएको छ? पशुको छापको बिगिबिगीमा हुने सङ्कटमा परमेश्वरका विश्वासी जनहरूले सामना गर्नुपर्ने कष्टमा तयार हुन ती विवरणबाट हामीलाई कसरी सहयोग गर्दछ?

ई. यस संसार सृष्टि हुन लाखौं र करौंडैं वर्ष लागेको छ भनेर विकासवाद सिद्धान्तलाई विश्वास गर्नेलाई सृष्टिको स्मारक हप्ताको सातौं दिन साबथको अर्थ कसरी बुझाउने?

# कथा ८

# अमेरिकाको लस आन्जलदेखि रोमसम्म

## मेलनी, इटाली



अमेरिकाको लस आन्जलसमा रहेको विश्‍वविद्यालयमा आफ्नो अध्ययन सकेको मेलनीले रमाइलो गर्न चाहन्थी। उनी पार्टीमा रमझम गर्न र यताउती घुम्न मन पराएकी थिन्। उनी मोज मज्जामा डुबेकी थिइन्।

जब आफ्नो भाइ वर्ष २०को रान्डीको देहान्त भयो भनेर भन्ने खबर फोनबाट पाउँदा उनी रोममा थिइन्। पाँचजना दिदीबहिनी र दाजुभाइहरूमा रान्डी सबभन्दा कान्छो थियो। रान्डी र मेलनी एकदम मिल्दथे। रान्डीको शरीर बिहान पाँच बजे पौडी खेल्ने तलाउमा तैरिरहेको थियो। उनको जाँच गर्दा उनलाई हृदयघात भएको पत्ता लगाएको थियो। सनाखत गर्दा त्यहाँ ऊ कुनै अरू कारणबाट मृत्यु भएको देखाएको थिएन। हृदय छियाछिया भएको मेलनी आफ्नो घर लस आन्जल्समा धेरै प्रश्नहरू बोकेर फर्किन्। रान्डी किन मऱ्यो? उनले मृत्युको बारेमा सोच्न थालिन्। मानिस मरेपछि के हुन्छ उनले जान्न चाहिन्। आफ्नै जीवनको अर्थ के छ भनेर सोच्न थालिन्।

उनले आफ्नो पार्टी जीवन झन तिब्र पारिन्। उनले आफूमा भएको बेदनालाई लुकाउन खोजेकी थिइन्। अनि नाट्यशालामा नाटक गर्न सिकिरहेकी बहिनीले उनलाई पनि नाटकशालामा कक्षा लिन बोलाइन्। "नाटक खेल्नेमा भाग लियो भने आफूमा भएको रिस र बेदनाबाट राहत पाउनेछ," बहिनीले भनिन्। मेलनीले नाटक खेल्ने कक्षाहरू लिन थालिन् र उनी पनि नाटकमा भाग लिन थालिन्। अनि एक दिन एक जना इटाली युवकसँग उनको मायाप्रिती बस्यो। उनी त्यस युवकसँग इटालीमा सरिन्। दुई वर्ष छ महिनापछि तिनीहहरूको बीचमा छुटपाट भयो। मेलनी फेरि पार्टीमा रमझम गर्न थालिन् र रोममा नाटकमा खेल्न थालिन्। तर उनको पार्टी र रमझम जीवनमा केही न केही रित्त भएको उनले महसुस गर्न थालिन्। प्रत्येक बिहान उनी उठ्दा उनलाई दिक्क लाग्थ्यो। आफ्नो जीवन अर्थहिन भएको अनुभव गर्न थालिन्। यस संसारमा कुनै आत्मिक शक्तिहरूले नियन्त्रण गरिरहेको छ कि भनेर सोच्न थालिन्। यस संसारमा धेरै खराब भएको देखेर उनले टुनामुना गर्नेहरूको बारेमा खोज अनसुन्धान गर्न थालिन्। एक दिन युट्युबमा दानिएल र बाइबलको भविष्यवाणीको बारेमा दिएको प्रवचन सुन्न थालिन्। प्रस्तुतकर्ताले सत्य बोलिरहेको छ कि भनेर उनले आफ्नो बाइबल

खोलिन्। उनले बेबिलोन, मिडपर्सिया, ग्रिस र रोमी साम्राज्यको बारेमा खोजअनसुन्धान गरिन्। प्रवचनमा के सुनेकी थिइन् त्यो आफ्नो अनसुन्धानसँग मिलेको उनले भेट्टाइन्। "यो त सबै सत्य हो," आफूले आफैलाई भनिन्। उनी घुँडा टेकिन् र रुन थालिन्। आफू यस संसारको होइन तर अर्कै संसारको भएको महसुस गरिन्। उनले आफ्नो हृदय येशूलाई सुम्पिन्। "अब म पार्टी, जाँडरक्सी र लागु पदार्थमा लाग्न चाहन्न। यस्तो खालको जीवन म अब बिताउन चाहन्न। बरू म मरुँला। तपाईंले मलाई र मेरो जीवनलाई केही न केही परिवर्तन गर्नुहोस्। यस खालको जीवन म बिताउन चाहन्न," रुँदै येशूसँग प्रार्थना गरिन्। उनले युट्युब हेरिरहिन्। त्यसको प्रस्तुतकर्ता सेभेन्थ-डे एडभेन्टिस्ट भएको थाहा पाइन्। उनले प्रस्तुत गरेका प्रवचनहरूलाई बाइबलसँग तुलना गरिन्। उनी लनगशील भएर बाइबल अध्ययन गरिन्। आफ्नो घरमा उनले साबथलाई पालन गर्न थालिन्।

दुई वर्षपछि आफू साबथमा चर्च गएर आराधना गर्नुपर्छ भनेर आभास् पाइन्। अनलाइनमा आफ्नो घर नजिक एडभेन्टिस्ट चर्च खोजिन्। उनी साबथमा चर्च गइन्। उनले चर्चमा भेटेकी पहिलो व्यक्तिलाई आफू बप्तिस्मा लिन चाहेको भनिन्। त्यो मानिस चकित भए र सोधे, "तपाईंले के भनिरहनुभएको छ?" आफू दुई वर्षदेखि बाइबल अध्ययन गरिरहेको र त्यस अनुसार चलिरहेकोले आफू बप्तिस्मा लिन तयार भएको उनले भनिन्। बप्तिस्मा लिएको रातारातै उनको जीवन परिवर्तन भएको थिएन। उनी अझ पार्टीमा जान्थिन् र नयाँ जीवन पुरानो जीवनसँग मिलाउन खोजेकी थिइन्। तर आफूले पहिला मन परेका थोकहरूप्रति उनी नियास्रो मान्न थालिन्। आफूलाई एक फेरा नियास्रो लागेको थोक चाखलाग्दो हुन थाल्यो। उनी पवित्रकरणको अनुभव गर्दैन थिइन्। उनी भित्र पवित्र आत्माले काम गर्दै थिए। "उहाँले धेरै काम गर्नुछ तर मभित्र उहाँ काम गरिरहनुभएको छ," मेलनीले बताइन्।

आज, मेलनीलाई थाहा छ कि पापले गर्दा मृत्यु आएको हो (रोमी ६:२३)। जब मानिसहरू मर्छन् तब चिहानमा येशू नआउँञ्जेल सुतिरहेको हुन्छ भन्ने उनलाई थाहा छ (१ थेस्सोलिनिकी ४:१५-१७)। आफूले आफ्नो जीवन अर्थमूलक भएको उनले बताउँछिन्। अरूहरूलाई येशूको प्रेम र उहाँको आगमनको आशा सुनाउन चाहेको उनले भनिन्। दानिएल १२:३मा लेखिएको छ, "बुद्धिमान मानिसहरू आकाशमा चहकिलो भएर चम्किनेछ र जो धर्मी हुन फर्किन्छन् तिनीहरू तारा जस्तै सदा सदा चम्किरहनेछ।" मेलनीले रोमका बस र रेष्टुराँहरूमा पर्चा र पत्रिकाहरू छोड्छिन्। उनले एडभेन्टिस्ट चर्च र रेडियोको बारेमा लेखिएको कार्ड पनि बाँड्छिन्। उनी येशूको आगमनलाई उत्सुकतापूर्वक हेरिरहेकी छिन् र आफ्नो भाइ रान्डीसँग पुनर्मिलन भएको चाहन्छिन्। "मेरो धन्यको आशा यही हो कि एक दिन मैले मेरो भाइलाई फेरि भेट्नेछु," आशावान भएर उनले बताउँछिन्।